# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७
# ऐरावती गाउँपालिका, प्युठान




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

सामाजिक सेवा बिभाग

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


**प्रदेश नं.५, कर्णाली र सुदूरपश्चिम प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

पत्र संख्या:- २०७६/७७
च.नं : १०१

मिति: २०७७/३/२८

श्री अध्यक्ष ज्यू,
ऐरावती गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, प्यूठान ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनकोलागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

## महालेखापरीक्षकको भनाई



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ ।लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड,वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता पर्वद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिकपूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २९ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
सामाजिक सेवा बिभाग

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**(प्रादेशिक लेखापरीक्षण प्रदेश नं.५, कर्णाली र सुदूरपश्चिम लेखापरीक्षण महानिर्देशनालय)**


पत्र संख्या:२०७६/०७७ मिति: २०७७।३।२८

च.नं: १०१

श्री अध्यक्षज्यू,
ऐरावती गाउँपालिका
बरौला, प्यूठान ।

**विषय: लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले ऐरावती गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तीय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु. १ करोड ३२ लाख ४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ५ लाख १५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. १ करोड २५ लाख ८३ हजार र नियमित गर्नुपर्ने रु. १ लाख ६ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६/६/१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना तेह्र (१३) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण सङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालकिाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

**ऐरावती गाउँपालिका**
**लेखापरीक्षण प्रतिवेदन**

**२०७५/०७६**

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु मुख्य कार्य रहेको छ । प्रदेश नं. ५ मा अवस्थित यस गाउँपालिकामा ६ वडा, ३२ सभा सदस्य १५६.७५ व.कि.मि.क्षेत्रफल, २२३९२ जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोष :** आर्थिक वर्ष २०७५।७६ को स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | **५७३९१९५८.९५** | १ | **जम्मा खर्च** | | **३१७७०९७२७.२०** |
| | क) नगद | ० | | | चालु खर्च | १९६५५५८५१.२० | |
| | ख) बैंक | ५७३९१९५८.९५ | | | पूँजीगत खर्च | १२११५३८७६.०० | |
| २ | **राजस्व** | | **६२२१३२१०.२९** | २ | **को.ले.नि.का फिर्ता** | | **३९९६०२८.६०** |
| | क) आन्तरिक राजस्व | ३८०८१९७.७७ | | | संघीय संचितकोष | ३८३५३८३.६० | |
| | ख) राजस्व बाँडफाँड (संघीय) | ५३०७९१०२.८० | | | प्रदेश संचितकोष | १६०६४५.०० | |
| | ग)राजस्व बांडफांड(प्रदेश) | ५३२५९०९.७२ | | ३ | **धरौटी फिर्ता** | ३५०००.०० | **३५०००.००** |
| ३ | **वित्तीय हस्तान्तरण** | | **२०३३३२०००.००** | ४ | **कोष खर्च** | २१०००००.०० | **२१०००००.००** |
| | क)वित्तीय समानीकरण अनुदान | ७८५०००००.०० | | ५ | **मौज्दात** | | **६४५९५४८५.४४** |
| | ख) सशर्त अनुदान | १२४८३२०००.०० | | | नगद मौज्दात | ० | |
| | ग) समपूरक अनुदान | ० | | | बैंक मौज्दात | ६२८४२४१३.४४ | |
| | घ) विशेष अनुदान | ० | | | धरौटी बांकी | १७५३०७२.०० | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | **१६६७१०००.००** | | | | |
| | क)वित्तीय समानीकरण अनुदान | ४०७१०००.०० | | | | | |
| | ख) सशर्त अनुदान | ९६०००००.०० | | | | | |
| | ग) समपूरक अनुदान | ३००००००.०० | | | | | |
| | घ) विशेष अनुदान | ० | | | | | |
| ५ | **विषयगत निकायबाट प्राप्त रकम** | | **४६९३२०००.००** | | | | |
| | सामाजिक सुरक्षा | ३४०१२०००.०० | | | | | |
| | स्थानीय तह क्षमता बिकास कार्यक्रम | ३०५०००.०० | | | | | |
| | स्थानीय तह पुर्वाधार बिकास साझेदार कार्यक्रम | ३९०००००.०० | | | | | |
| | प्रधानमन्त्री रोजगार कार्यक्रम | ४०२५०००.०० | | | | | |
| | मूख्यमन्त्री ग्रामिण बिकास कार्यक्रम | ४६९००००.०० | | | | | |
| ६ | **पुल हेरालु** | १०८०००.०० | १०८०००.०० | | | | |
| ७ | **विभिन्न कोषतर्फको आय** | ० | | | | | |
| ८ | **धरौटी आय** | १७८८०७२.०० | **१७८८०७२.००** | | | | |
| ९ | **अन्य विविध आय** | ० | | | | | |
| | **जम्मा** | | **३८८४३६२४१.२४** | | **जम्मा** | | **३८८४३६२४१.२४** |

## लेखापरीक्षणवाट देखिएका व्यहोराहरु

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | **वित्तीय लेखापरीक्षणबाट देहायका व्यहोरा देखिएका छन :** | |

१. **बैंक हिसाव मिलान :** कार्यालयको खाता हिसाव र वैंक हिसाव एक आपसमा भिडान गर्नुपर्ने व्यस्था छ । कार्यालयले पेश गरेको आय व्यय विवरण अनुसार यस वर्ष आम्दानी रु.३८,८४,३६,२४१।२४-, खर्च रु.३२,३८,४०,७५५।८० र वैंक मौज्दात रु. ६,४५,९५,४८५।४४ रहेको देखिन्छ । कार्यालयको खाता रहेको नेपाल बैंक लि. र मेगा बैंक लि.को २०७६ आषाढ मसान्तको वैंक स्टेटमेन्ट अनुसार रु. १५,८६,२५,७००।२४ मौंज्दात रहेको देखिन्छ । कार्यालयले पेश गरेको आय व्ययमा देखाएको भन्दा वैंक स्टेटमेन्टमा रु. ९,४०,३५,१०४।८० बढी मौज्दात देखिन्छ । कार्यालयले वैंक हिसाव मिलान विवरण तयार नगरेकोले फरक पर्नाको वास्तबिक कारण पहिचान गरी हिसाव मिलान गर्नुपर्दछ ।

| विवरण | श्रेस्ता अनुसार मौजदात रकम | स्टेटमेन्ट अनुसारको मौज्दात रकम | फरक रकम |
|---|---|---|---|
| धरौटी खाता | १७५३०७२.०० | १७५३०७२.०० | ० |
| प्रकोप व्यवस्थापन कोष | ६२८३७५२३.४४ | १०८१९३८.०० | ९३८८९३७९.८० |
| वजेट खर्चखाता | | ६४४३३७११.०० | |
| स्थानीय संचित कोष | | ९०९११२५४.२४ | |
| कर्मचारी कल्याण कोष | | ३०००००.०० | |
| बिभाज्य कोष | ० | १४५७२५.०० | १४५७२५.०० |
| **जम्मा** | **६४५९०५९५.४४** | **१५८६२५७००.२४** | **९४०३५१०४.८०** |

२. **आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष आन्तरिक लेखापरीक्षण गराएको देखिएन । कार्यालयले आन्तरिक लेखापरीक्षण चौमासिक रुपमा गराई आन्तरिक नियन्त्रण व्यवस्थालाई प्रभाबकारी वनाउनुपर्दछ ।

३. **नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) प्रतिवेदन तयार नगरेको :** स्थानीय तहले आर्थिक वर्ष २०७५।७६ देखि नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित लेखा राखी आर्थिक विवरण सहित प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले उक्त विवरण तयार गरी प्रतिवेदन गरेको देखिएन । भएका व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

४. **विद्युतीय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नुपर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले निशुल्क रुपमा उपलब्ध गराई सवै स्थानीय तहहरुले Sub National Tresury Regulatory Application (SuTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले उक्त सफ्टवेयर प्रयोग गरेको देखिएन । सफ्टवेयर प्रयोग गरी लेखा राख्नुपर्दछ ।

५. **आन्तरिक नियन्त्रण :**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा७८ अनुसार स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गवाट सम्पदान गर्न, वित्तीय प्रतिवेदन प्रणालिलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणबाट यस सम्बन्धमा निम्न व्यहोराहरु देखिएका छन्:

- गाउँपालिका अर्न्तगत रहेका साविकका गा.वि.स.हरुबाट जिन्सी सामान सहित सम्पतिहरु हस्तान्तरण भई सोको एकीकृत लगत तयार नगरेको,
- जिन्सी निरीक्षण प्रतिवेदन अनुसार मर्मत गर्नुपर्ने र लिलाम गर्नुपर्ने सामान छुट्याई जिन्सी लगत अद्यावधिक नगरेको,
- बाटो खन्ने लगायतका काममा लागत अनुमान तयार गर्दा मेडियम रकको दर विश्लेषण नगरेको,
- साविक गाउँ विकास समितिमा रहेका बेरुजुको लगत अद्यावधिक नगरेको,
- विषयतगत शाखाहरुले सम्पादन गरेका कामको एकिकृत विवरण तयार नगरेको,
- वार्षिक लक्ष्य अनुसार प्रगति गरेको देखिने विवरण तथा अनुसूचि २ तयार नगरेको,
- स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम स्थानीय तहले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यहरु सम्पन्न भएपछि जाँचपास तथा फरफारक गर्नु पूर्व सार्वजनिक परीक्षण गराउनुपर्नेमा नगरेको,
- वडा कार्यालयबाट गाउँपालिकामा प्राप्त राजश्व एकिन गर्न सुपरीवेक्षण तथा अनुगमन गर्ने नगरेको,
- गाउँपालिकाको आन्तरिक आय वृद्धिको लागि पर्यटकीय एवंम सांस्कृतिक क्षेत्र लगायतका संभावनाको खोजी

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | नगरेको,<br>➢ न्यायिक समितिले सम्पादन गरेका कार्यको वार्षिक कार्य प्रगति विवरण तयार नगरेको,<br>➢ आपुर्ति भएका वस्तु तथा सेवाको गुणस्तर परीक्षण नगरेको,<br>➢ "घ" वर्गका निर्माण व्यवसायीको अभिलेख व्यवस्थित नगरेको,<br>➢ सहकारी संस्थाको अनुगमन तथा नियन्त्रण सम्बन्धी कार्य प्रभावकारी नभएको,<br>➢ गाउँ सभाले उल्लेखनीय निर्णय गरेपनि सोको कार्यान्वयन गरेको देखिने विवरण तयार नगरेको,<br>➢ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(८) अनुसार खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नंबर राखि अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी भुक्तानी भएको जनाउने छाप लगाई राखेको छैन,<br>➢ कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरेको अभिलेख छैन,<br>➢ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ (क) मा प्रत्येक सार्वजनिक निकायले खरिद कार्यको लागि खरिदको प्रकृति अनुसार आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकको निर्धारित योग्यता बमोजिम छुट्टाछुट्टै मौजुदा सुची तयार गरेको देखिएन,<br>➢ एकीकृत आर्थिक संकेत तथा बर्गीकरण र व्याख्या, २०७४ बमोजिमको खर्च शीर्षकहरुको बर्गिकरण अनुसार सशर्त अनुदान तर्फको आर्थिक बिवरण तथा खर्चको फांटवारी तयार गरेको देखिएन,<br>➢ प्रत्येक कर्मचारीको पदको कार्यविवरण वनाई लागू नगरेको,<br>➢ कन्टिन्जेन्सी खाता अद्यावधिक गरी नराखेको,<br>➢ उपभोक्ता समितिवाट निर्माण सम्वन्धी कार्य गर्दा सार्वजनिक खरिद ऐन तथा खरिद नियमावली वमोजिमको खरिद विधि अपनाएको देखिएन,<br>➢ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७४ अनुसार गाउँपालिकाले सार्वजनिक खरिद गर्नुपर्दा सार्वजनिक खरिद ऐन बमोजिम गर्नुपर्ने र सोही ऐनको अधिनमा रही सार्वजनिक खरिद नियमावली बनाई लागू गर्नुपर्ने प्रावधान रहेकोमा हालसम्म नियमावली वनाएको देखिएन ।<br>कार्यालयले आन्तरिक नियन्त्रण प्रणालीको सुदृढीकरण र प्रभावकारी सञ्चालनका लागि यथोचित ध्यान नपुऱ्याएका कारण उल्लेखित व्यहोराहरुमा सुधार भएको पाइएन । कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताको विश्वसनीयता कम भई नियन्त्रण प्रणालीमा समेत असर पर्न जाने देखिन्छ । आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्दछ । | |
| ६. | **खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । गाउँसभावाट वजेट स्वीकृति भई प्रमुख प्रशासकीय अधिकृतलाई हप्तादिन भित्रै खर्च गर्ने अख्तियारी दिएको देखियो । गाउँपालिका अर्न्तगतका वडामा वजेट खर्च गर्ने अख्तियारी पठाउने गरेको देखिएन । | |
| ७. | **लक्ष्य तथा प्रगतिः** कार्यालयलाई प्राप्त अख्तियारीको सिमाभित्र रही वार्षिक लक्ष्य तथा कार्यक्रम बमोजिम प्रगति तयार गर्नुपर्दछ । लेखापरीक्षणमा उपलव्ध विवरण अनुसारयो वर्ष बिभिन्न २८८ वटा कार्यक्रम तथा योजना रहेकोमा ६ कार्यक्रममा ५० प्रतिशत भन्दा कम प्रगति देखिएको छ । कार्यालयले स्वीकृत कार्यक्रम अनुसार कार्य सम्पन्न गरी शत प्रतिशत प्रगति हासिल गर्नुपर्दछ । | |
| ८. | **चौमासिक खर्चः** स्वीकृत बार्षिक कार्यक्रम वमोजिम तोकिएको चौमासिकमा तोकिएका कार्यक्रम संचालन गर्न वजेट व्यवस्था भए मुताविक सोही चौमासिकमा कार्यक्रम संचालन गरी खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सो अनुसार कार्यक्रम संचालन गरी खर्च गर्न सकेको देखिएन ।पूँजिगत कार्यक्रम संचालनमा तेस्रो चौमासिकमा कुल खर्चको ८८.१७ प्रतिशत र आषाढ महिनामा मात्र ६३.३३ प्रतिशत खर्च भएको छ । सो सम्बन्धी विवरण देहाय अनुसार रहेको छ । अतः कार्यक्रम अनुसार तोकिएको चौमासिकमा कार्यक्रम संचालन गर्नुपर्दछ । | |

**(रु.हजारमा)**

| क्र.सं. | बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| १ | पुजिगत तर्फ | १२४२१३ | ६०२ | १४०९० | १०९५२१ | ७८६०९ |
| **जम्मा** | | **१२४२१३** | **६०२** | **१४०९०** | **१०९५२१** | **७८६०९** |
| **प्रतिशत** | | **१००** | **०.४९** | **११.३४** | **८८.१७** | **६३.३३** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ९. | **स्रोत नक्सांकन :** स्थानीय सरकार संचालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन र प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्रोत नक्सासन तयार गरेको पाईएन । नापी बिभाग, स्थलरुपी नापी महाशाखाले गाउँपालिका तथा नगरपालिकाहरुको भू-उपयोग नक्शा तयार गर्ने कार्य गरी रहेकोले महाशाखासंग समन्वय गरी भू-उपयोग नक्सा तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ । | |
| १०. | **समपुरक कोष** : अन्तर- सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १० अनुसार नेपाल सरकारले स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको संभाव्यता, लागत, योजनाबाट प्राप्त हुने प्रतिफल वा लागत, योजना कार्यान्वयन गर्न, वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति र योजनाको आवश्यकता र प्राथमिकताको आधारमा कुल लागतको अनुपातको आधारमा समपुरक अनुदान प्रदान गर्ने व्यवस्था छ । कार्यालयले समपुरक कोष स्थापना गरेको देखिएन । अतः पुर्वाधार विकासको लागि व्यवस्थित योजना छनोट गरी समपुरक कोष मार्फत विकासको गतिलाई अगाडि अगाडि बढाउनु पर्दछ । | |
| ११. | **सवारी साधन खरिद** : स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को दफा ५.१५ मा नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनका लागि सवारी साधन खरिद गर्न नसकिने व्यवस्था छ । गाउँपालिकाले यो वर्ष समानीकरण अनुदानको रकमबाट १ थान जिप र १ थान मोटरसाईकल समेत २ थान सवारी साधन खरिद गरी रु. ४६ लाख १४ हजार खर्च लेखेको छ । सवारी साधन खरिद गर्न अर्थ मन्त्रालयवाट स्वीकृत लिएको समेत देखिदैन । कार्यालयले यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ । | |
| १२. | **सार्वजनिक परीक्षण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यस्था छ । यस वर्ष गाउँपालिका अर्न्तगत संचालन भएको कार्यक्रम तथा सेवा प्रवाहका सम्वन्धमा सार्वजनिक परीक्षण भएको देखिएन । सेवा प्रवाहको गुणस्तर र प्रभाकारीतामा बृद्धि गर्नको लागि सार्वजनिक परीक्षण गर्नुपर्दछ । | |
| १३. | **कर्मचारी व्यवस्था :**निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा ३१ जनाको कर्मचारी दरवन्दी रहेकोमा १६ को पदपूर्ति भई १५ रिक्त रहेको छ ।कार्यालयले सेवा प्रवाहलाई छिटो, छरितो र प्रभावकारी वनाउनको लागिदरवन्दी अनुसार पद पुर्ति गर्नुपर्दछ । | |
| १४. | **स्थनीय तथ्यांक र अभिलेख** : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउँपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड तय गरेको छैन ।स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्य गर्न आवश्यक हुन्छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा गाउँपालिकाले उचित ध्यान दिई अभिलेख व्यवस्थापनलाई प्रभावकारी वनाउनुपर्दछ । | |
| १५. | **ठेक्का बन्दोवस्त** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २०(३) बमोजिम प्रथम चौमासिक भित्र ठेक्कापट्टा वन्दोवस्त गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्ष देहाय वमोजिमको ११ ठेक्का सम्झौता भएको मध्ये प्रथम चौमासिकमा १ ठेक्का, दोश्रो चौमासिकमा ४ ठेक्का र तेस्रो चौमासिकमा ६ वटा ठेक्का वन्दोवस्त गरेको देखियो ।यस वर्ष ११ ठेक्का भएकोमा ८ ठेक्काको कार्य सम्पन्न भएको र वाँकी ३ ठेक्का मध्ये झिमरुक विजुलिकोट लिफ्ट खानेपानी योजनाको संझौता २०७६।४।१६ मा मात्र भएको, गाउँपालिकाको कभर्ड हलको डि.पि.सि.लेभल सम्पन्न भएको र गाउँपालिकाको भवन निर्माण कार्यको प्लिन्थ लेभलसम्म सम्पन्न भएको छ । अतः प्रथम चौमासिक भित्र ठेक्का पट्टा वन्दोवस्त गरी संझौता अवधि भित्र कार्य सम्पन्न गर्नु पर्दछ । | |

**(रकम रु. हजारमा)**

| कार्यक्रमको नाम | जम्मा | | ठेक्का सम्झौता | | | | | | | | यस वर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | प्रथम | | दोस्रो | | तेस्रो | | आषाढ महिना | | संख्या | रकम |
| | | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | | |
| पुजिगततर्फ | ११ | ६१३६७ | १ | १००६ | ४ | ७१८४ | ६ | ५३१७७ | २ | ३१८७५ | ८ | २००४१ |
| **जम्मा** | ११ | ६१३६७ | १ | १००६ | ४ | ७१८४ | ६ | ५३१७७ | २ | ३१८७५ | ८ | २००४१ |

**आन्तरिक आय तथा राजस्व तर्फ**

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td>१६.</td><td>राजस्व लेखा, स्रेस्ता : आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १२ मा राजस्व संकलन, दाखिला र राजस्व स्रेस्ता सम्बन्धमा उल्लेख छ । राजस्व आर्जन गर्ने हरेक कार्यालयले फाराम तथा खाताहरुको प्रयोग गरी राजस्व स्रेस्ता अद्यावधिक गर्नुपर्दछ । कार्यालयले यस वर्ष व्यवसायिक कर, पञ्जिकरण शुल्क, विभिन्न किसिमका सिफारिस समेतबाट रु. ३८,०८,१९७।७७राजस्व आर्जन गरेकोमासंकलित राजस्व बैंक दाखिला विवरण (म.ले.प.फा.न.२३) लगायतका श्रेस्ता अद्यावधिक गरी राखेको पाइएन । उल्लेखित खाता तथा विवरण राखी राजस्व स्रेस्ता अद्यावधिक गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१७.</td><td>नगदी रसिद : कार्यालयले आय आर्जन गर्नको लागि प्रयोग गरिने नगदी रसिद आवश्यकता अनुसार छपाई गरी आम्दानी, खर्च र बाँकी देखिने रसिद नियन्त्रण खाता तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले रसिद नियन्त्रण खाता तयार गरेको देखिएन । कार्यालयले अर्न्तगतका ६ वडालाई राजस्व आम्दानी प्रयोजनार्थ नगदी रसिद बुझाएतापनि प्रयोग भएका र बाँकी ठेली खुल्ने अभिलेख राखेको छैन । कार्यालयले रसिद नियन्त्रण खाता राख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१८.</td><td>आन्तरिक आय : आन्तरिक आयको अभिलेख व्यवस्थित हुनुपर्दछ । गाउँपालिकाले यो वर्ष (वडा कार्यालय बाहेक) नगदी रसिद तथा बैंक मार्फत रु. ६,१८,३४१।९७ आम्दानी भएकोमा राजस्वको दैनिक आम्दानी कितावमा रु. ३,६५,२०८।-मात्र आम्दानी देखिएकोले राजस्व आम्दानी बैंक दाखिला यर्थाथपरक छ भन्न सकिएन । कार्यालयले राजस्वको स्रेस्ता व्यवस्थित गरी राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१९.</td><td>वडा कार्यालयको आय : आन्तरिक आयको अभिलेख व्यवस्थित हुनुपर्दछ । वडा कार्यालयतर्फको आन्तरिक आयको स्रेस्ता परीक्षण गर्दा देखिएको व्यहोराहरु निम्नानुसार छन :<br>➢ वडा कार्यालयले गाउँपालिकावाट बुझि लिएको नगदी रसिद र सो को प्रयोग तथा बांकीको विवरण पेश नभएको,<br>➢ वडा नं २ र ६ को नगदी रसिदको परीक्षण गर्दा सिलसिलेवर रुपमा नगदी रसिद प्रयोग नभएको, नगदी रसिदको पहिलो प्रति सेवाग्राहीलाई दिनुपर्नेमा दोस्रो प्रति दिएको, केही रसिद सेवाग्राहीलाई नदिई रसिदको दुवै प्रति ठेलीमै संलग्न रहेको, फरक फरक रंग र डिजाइनको नगदी रसिद प्रयोग भएको देखियो,<br>➢ वडा नं.१ को राजस्वको स्रेस्ता लेखापरीक्षणमा पेश हुन सकेन,<br>➢ वडा कार्यालयहरुले राजस्व आम्दानीको दैनिक कितावमा जोड जम्मा गरी अल्या गर्ने गरेको देखिएन,<br>➢ दैनिक आम्दानी किताव प्रमाणित गरी नराखेको,<br>➢ आम्दानी रकम ढिला दाखिला गरेको,<br>➢ रु. १० हजार भन्दा बढीको राजस्व पनि नगदमै बुझेको,<br>उल्लेखित व्यहोराहरु कार्यालय प्रमुखले सुधार गरी वडा कार्यालयको आय व्यवस्थित गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>वडा नं. २, ३, ४, ५ र ६ को कार्यालयको राजस्व आम्दानीको दैनिक कितावको जोडजम्मा गर्दा निम्नानुसार आम्दानी रकम भन्दा घटी राजस्व दाखिला भएको देखिएकोले असुल गरी संचित कोष दाखिला गर्नुपर्ने रु.....
<table>
<tr><th>वडा नं.</th><th>दैनिक आम्दानी किताव अनुसारको जम्मा</th><th>दाखिला भएको रकम रु.</th><th>घटि दाखिला भएको रकम</th><th>कैफियत</th></tr>
<tr><td>४</td><td>०</td><td>०</td><td>१२००.००</td><td>फाल्गुण महिनाको अल्या गर्दा रु. १५३५० गर्नु पर्नेमा रु. १४१५० मात्र अल्या गरेको</td></tr>
<tr><td>५</td><td>३०७६६७.००</td><td>३०२०३३.००</td><td>५६३४.००</td><td></td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>६८३४.००</td><td></td></tr>
</table></td><td>६८३४.००</td></tr>
<tr><td>२०.</td><td>गाउँपालिका अर्न्तगतको माडी र झिमरुक नदीमा नदीजन्य ढुँगा, गिट्टी र वालुवा संकलन तथा उत्खनन कार्यको लागि रमण निर्माण सेवासँग मिति २०७६।२।२० सम्मको लागि मात्र सम्झौता भएको छ । सो भन्दा पछि बिभिन्न व्यक्तिलाई निवेदनको आधारमा ढुँगा र वालुवा उत्खनन गर्न दिई मू.अ.कर समेत जम्मा रु. ३२,३१८।- प्राप्त भएको छ । मू.अ.कर रु. ३,७१८।-संघीय संचितकोष दाखिला गरेको देखिएन । कार्यालय प्रमुखलाई जिम्मेबार बनाई दाखिला गर्नुपर्ने रु......</td><td>३७१८.००</td></tr>
<tr><td>२१.</td><td>व्यवसाय कर : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्ति । संस्थाबाट व्यवसाय कर उठाउनुपर्ने, गाउँपालिकाको आर्थिक ऐन, २०७५ को दफा ५ वमोजिम अनुसुची ४.२ र ४.३ अनुसार व्यवसाय कर लगाउने उल्लेख छ । गाउँपालिकाले यो वर्ष व्यवसाय कर रु. ३,२०,१२८।- मात्र असुल गरेको देखिन्छ । कार्यालयले आर्थिक ऐनमा भएको व्यवस्था बमोजिम व्यवसाय कर असुल गर्नको लागि आफ्नो अधिकार क्षेत्र भित्रका व्यवसायीहरुको लगत अद्यावधिक गरी आन्तरिक आयलाई बढाउनु पर्दछ</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | । | |
| २२. | **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । गाउँपालिकाको आर्थिक ऐन, २०७५ को दफा ७ मा प्रदेश सरकारको आर्थिक ऐन, २०७५ वमोजिम सवारी साधनमा कर लगाउने उल्लेख छ ।कार्यालयले ऐन निर्माण गरेतापनि कार्यावन्यन गरेको देखिएन । कार्यालयले कानून अनुसार सवारी कर असुल गर्नुपर्दछ । | |
| २३. | **मनोरन्जन कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाउँपालिकाले आफ्नो क्षेत्र भित्र मनोरन्जन कर उठाउने उल्लेख छ । गाउँपालिकाको आर्थिक ऐन, २०७५ को दफा ९ वमोजिम अनुसुची ७ अनुसार मनोरन्जन कर लगाउने उल्लेख भएकोमा कार्यालयले यस वर्ष मनोरन्जन कर असुल गरेको देखिएन ।कार्यालयले कानून अनुसार मनोरन्जन कर असुल गर्नुपर्दछ । | |
| २४. | **बिज्ञापन कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्र तोकिए बमोजिम बिज्ञापन कर उठाउने उल्लेख छ । गाउँपालिकाको आर्थिक ऐन, २०७५ को दफा ८ वमोजिम अनुसुची ६ अनुसार बिज्ञापन कर लगाउने उल्लेख भएकोमा कार्यालयले यस वर्ष बिज्ञापन कर असुल गरेको देखिएन ।कार्यालयले कानून अनुसार बिज्ञापन कर असुल गर्नुपर्दछ । | |
| २५. | **पर्यटन शूल्क** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाउँपालिकाले आफ्नो क्षेत्र भित्रमा पर्यटन शुल्क उठाउन सक्ने उल्लेख छ । गाउँपालिकाको आर्थिक ऐन, २०७५ को दफा १४ वमोजिम पर्यटन शुल्क असुल गर्ने उल्लेख भएतापनि असुल गरेको देखिएन ।कार्यालयले कानून अनुसार पर्यटन शुल्क असुल गर्नुपर्दछ । | |
| २६. | **सम्पति कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५३ मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्र एकीकृत सम्पति कर लगाउन पाउने व्यवस्था छ ।गाउँपालिकाको आर्थिक ऐन, २०७५ को दफा २ मा अनुसुची १ बमोजिम घर जग्गामा कर लगाई असुल गरिने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष घर जग्गा कर रु. १,७१,११५।- असुल गरेको देखिन्छ । गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका घर जग्गाको लगत अद्यावधिक गरी घर जग्गा कर असुल गर्नुपर्दछ । | |
| २७. | **रजिष्ट्रेसन दस्तुर :** आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं ५ वुटवलको च.नं. २११ मिति २०७५।७।११ को परिपत्रमा प्रदेश नं. ५ को आर्थिक ऐनको दफा २ को अनुसूची १ बमोजिम संकलन गरिने रजिष्ट्रेसन शुल्क लगायतको रकम महिना समाप्त भएको ३ दिन भित्र बांडफांड गरी प्रदेश सरकारको नाममा ४० प्रतिशत र स्थानीय तहको नाममा ६० प्रतिशत रकम पठाउनुपर्ने उल्लेख छ । गाउँपालिकाको क्षेत्र भित्र पर्ने मालपोत कार्यालयले प्यूठानले यस वर्ष असुली गरेको रजिष्ट्रेसन दस्तुर मध्ये रु. ६३,७३,२२४।५० बांडफांड नगरी मौज्दात राखेको देखिएकोले गाउँपालिकाले उक्त मौज्दात रकम मध्ये गाउँपालिकालाई प्राप्तहुनु पर्ने रकम समयमै प्राप्त गर्नको लागि पहल गनुपर्दछ । | |
| २८. | **वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउँपालिका क्षेत्रमा स्थल, जल, वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । गाउँपालिकाले यो वर्ष वातावरण संरक्षण, नदी सफाई कार्यक्रम चलाएको विवरण पेश गरेकोमा वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली सरसफाईको काममा शहर क्षेत्रको सडक सफाइ, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व, शनिवार नगर र नदी सरसफाई पर्दछन् । कार्यालयले वातावरण सुधार गर्ने दीर्घकालीन योजना वनाई वजेट व्यवस्थापन र कार्यक्रम कार्यावन्यन गर्नुपर्दछ । | |
| २९. | **उपभोक्ता समितिको कामः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धित सेवा प्राप्त गर्दा मितव्ययी, गुणस्तरिय वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मूख्य उद्देश्यनै रोजगारी सिर्जना गर्ने वा लाभग्राही समुदायलाई सहभागी गराउने भएमा तोकिएबमोजिमको कार्यबिधी पुरा गरी त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने व्यवस्था छ । नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राहि समुदायवाट संचालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर रोलर, डोजर, ग्रेडर, बिटुमिन व्वाईलर जस्ता हेभी मेसिनहरु प्रयोग गर्न नपाइने व्यवस्था छ । त्यस्तै नियम ९७(१०) मा उपभोक्ता समितिले पाएको कार्य आफैले सम्पन्न गर्नु पर्नेछ र अन्य कुनै निर्माण व्यवसायी वा सव कन्ट्राक्टरवाट गराउन नसकिने व्यवस्था छ । कार्यालयले यो वर्ष उपभोक्ता समिति मार्फत गराउने कामको लागी हेभी मेसिन प्रयोग गर्नु पर्नाको कारण नखुलाई मेसिन प्रयोग गर्ने गरी लागत अनुमान तथा संझौता गरी कार्य सम्पन्न गरेको देखिन्छ । मेसिन प्रयोग गरी लागत अनुमान तयार गरेको कारण उपभोक्ता समितिले सडक निर्माण तथा मर्मत कार्यको लागि | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | एक्साभेटर तथा डोजरको प्रयोग गरी निर्माण कार्यको ८० देखि १०० प्रतिशतसम्म रकम डोजर भाडाको बिल बमोजिम निर्माण व्यवसायीलाई भुक्तानी दिने गरेको देखिन्छ । उपभोक्ता समिति मार्फत गराउने यस्ता कार्यमा डोजर तथा हेभी मेसिनको प्रयोग बढ्दै जांदा वातावरणमा प्रत्यक्ष असर पर्ने र रोजगारीमा वृद्धि नहुने हुँदा यस व्यवस्थाको मुख्य उद्धेश्यनै पुरा हुने देखिदैन । यस्ता कार्यलाई नियन्त्रण गर्नुपर्दछ । | |
| | **सामाजिक सुरक्षा कार्यक्रमतर्फः** | |
| ३०. | **सामाजिक सुरक्षा भत्ता :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को बुदा नं. १० मा स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहितको मुल अभिलेख अध्यावधिक गरी प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने तथा सशर्त अनुदानको रकम खर्च गरी बाँकी रहेमा संघीय संचितकोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकालाई यो वर्ष सामाजिक सुरक्षा भत्ता वितरण गर्न रु.३४०१२०००।०० बजेट विनियोजन भएकोमा रु.३३३८९०००।०० वितरण गरी रु.६२३०००।०० बाँकी रहेको छ ।सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद-६ दफा १९ मा केन्द्रीय पञ्जिकरण विभागले भत्ता पाउने लाभग्राहीको सम्पूर्ण विवरण व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गराउने र अद्यावधिक गर्ने जिम्मेवारी स्थानीय तहको हुने व्यवस्था छ । केन्द्रीय पञ्जिकरण विभागले व्यवस्था गरे अनुरुप गाउँपालिकाले लाभग्राहीको विवरण व्यवस्थापन सुचना प्रणालीमा अद्यावधिक गरेको छैन । बैङ्क मार्फत भत्ता वितरण गर्नुपर्नेमा वडा नं.५ ले तेस्रो किस्तावाट बैंक मार्फत भत्ता वितरण गरेको र वडा नं.१, २, ३, ४ र ६ ले नगद भत्ता वितरण गरेको छ । लगत अद्यावधिक गरी सबै वडा कार्यालयको बैंक मार्फत भत्ता वितरण गर्नुपर्दछ । | |
| ३१. | **लगत कट्टा नगरी भत्ता वितरण :-**सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको मूल अभिलेख एम. आई. एस. अनुसार गाउँपालिकाले सबै वडा कार्यालयलाई रकम उपलब्ध गराउनुपर्दछ । गाउँपालिकाले यो वर्ष मूल अभिलेख एमआइएसमा नाम प्रविष्ट भएका लाभग्राहीहरुको संख्या पहिचान नगरी, लगत कट्टा नगरी वडा कार्यालयहरुलाई रकम निकासा दिएको छ । यसरी रकम निकासा दिदा मृत्यु भएका, वसाई सरी गएका, हातले नाम उमेर सच्याएका र नाम ,उमेर काटी अन्य व्यक्तिहरुको नाम राखेका व्यक्तिहरुलाई समेत रकम निकासा गएको छ । वडा कार्यालयले लगत कट्टा नगरी मृत्यु भएका, वसाई सरेका निम्न लाभग्राहीहरुलाई भत्ता वितरण गरेको रु.३६,०००।०० असुल गर्नुपर्ने रु........ | ३६०००.०० |

| क.स | नाम थर | वडा नं. | विवरण | चौमासिक | वितरण रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वेली सरा सारु | ३ | वसाई सरेको | दोस्रो | ४०००.०० | पहिलो किस्तामा वसाई सरेको जनाएको |
| २ | शिवा देवी पाण्डे | ६ | मृत्यु भएको | दोस्रो र तेस्रो | १६०००.०० | पहिलो किस्तामा मृत्यु जनाएको |
| ३ | नरी देवी घर्ति | ३ | मृत्यु भएको | तेस्रो | ८०००.०० | पहिलो किस्तामा मृत्यु जनाएको |
| ४ | नरी देवी पुन | ३ | मृत्यु भएको | तेस्रो | ४०००.०० | दोस्रो किस्तामा मृत्यु जनाएको |
| ५ | केमसरी राना | ३ | मृत्यु भएको | तेस्रो | ४०००.०० | दोस्रो किस्तामा मृत्यु जनाएको |
| **जम्मा** | | | | | **३६०००.००** | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | **आन्तरिक (चालु खर्च) तर्फ :** | |
| ३२. | **पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गांउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं ५, प्रदेश संसदले स्थानीयतहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार गाँउपालिकाले देहाय बमोजिम रु. ४५,१८,२६२।- सुविधा भुक्तानी भएको छ । | |

| सि.नं. | विवरण | अध्यक्ष | उपाअध्यक्ष | वडाअध्यक्ष ६ जना | कार्यपालिका सदस्य .... जना | सभाका सदस्य ... जना | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | ३६०००० | ३२४००० | १२९७८१२ | ८६४००० | १२६०००० | ४१०५८१२ | बार्षिक |
| २ | सञ्चार सुविधा (मासिक दरमा) | | | | | | २००० | बार्षिक |
| ३ | बैठक भत्ता (बैठक संख्याको आधारमा) | | | | | | ४१०४५० | बार्षिक ४१ वटा बैठक) |
| ४ | खाजाभत्ता (मासिक) | | | | | | ० | – |
| ५ | पुस्तकपत्रपत्रिका (मासिक) | | | | | | ० | – |
| ६ | अनुगमनभत्ता (मासिक) | ० | ० | ० | ० | ० | ० | – |
| ७ | खानेपानी, बिजुलीमहसुल ( | ० | ० | ० | ० | ० | ० | – |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | मासिक) | | | | | | | |
| ८ | सरसफाई, मर्मत (मासिक) | ० | ० | ० | ० | ० | ० | – |
| ९ | अतिथि सत्कार (मासिक) | ० | ० | ० | ० | ० | ० | – |
| १० | यातायातखर्च (मासिक) | ० | ० | ० | ० | ० | ० | – |
| | **जम्मा** | | | | | | ४५१८२६२ | |

३३. **पदाधिकारीको सुबिधा र आयको अनुपात :** प्रदेश नं ५ अर्न्तगतका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा पदाधिकारी र सदस्यले आफु निर्वाचित भई काम कारवाही सुरु गरेको मितिदेखि अनुसुची १ बमोजिमको रकममा नवढ्ने गरी स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा मासिक सुबिधा पाउने व्यवस्था रहेको छ । यो वर्ष नगरपालिकाले आन्तरिक स्रोत तर्फ रु. ३८ लाख ८ हजार मात्र आम्दानी रहेकोमा पदाधिकारी तथा सदस्यहरुको मात्र बार्षिक सुबिधामा रु. ४५,१८,२६२।- खर्च भएको देखिन्छ । जस अनुसार कुल आन्तरिक स्रोततर्फको आम्दानीको करिव ११८.६५ प्रतिशत भन्दा बढी रकम स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधामा खर्च भएको देखिन्छ । आन्तरिक आयका नयाँ क्षेत्र पहिचान गरी आयमा वृद्धि गर्नुपर्दछ ।

३४. **तलवी प्रतिबेदन :**निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम तलबी प्रतिबेदन पारित गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था छ । कार्यालयले प्रशासन तर्फका कर्मचारीको तलबी प्रतिबेदन पारित नगरी खर्च लेखेको छ । तलवी प्रतिबेदन पारित नगरी तलब र ग्रेड भुक्तानी दिंदा कर्मचारीहरुले पाउनु पर्ने ग्रेड एकिन हुन नसकेकोले तलबी प्रतिवेदन पारित गरेर मात्र तलव खर्च लेख्नुपर्दछ ।

**कृषि कार्यक्रम तर्फ :**

३५. **वढी भुक्तानी** : अर्थमन्त्रालय कार्य संचालन निर्देशिका २०७५ को वुँदा ७.१.१५ मा सबै प्रकारका तालिमको खर्चको मापदण्ड तथा भ्रमण खर्च तोकी तालिम केन्द्र वाहेक अन्य निकायबाट संचालित सबै प्रकारका तालिमका लागि प्रशिक्षकको पारिश्रमिकमा गाउँपालिकास्तरको हकमा कक्षा संचालनको रु.६०० पारिश्रमिक तोकिएको छ । गाउँपालिकाका विभिन्न स्थानमा कृषि सम्वन्धी तालिम संचालन गर्दा प्रति कक्षा रु.६०० को दरले प्रशिक्षक भत्ता भुक्तानी दिनुपर्नेमा रु.१०००।०० को दरले दिएको छ । निर्देशिकाले तोकेको नर्म्स भन्दा निम्न व्यक्तिहरुलाईप्रति कक्षा रु.४००।०० को दरले बढी पारीश्रमिक भुक्तानी दिएको कर कट्टा पछिको रु. ३७,०६०।०० कार्यालय प्रमुखलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रु...... ३७०६०.००

| क.स | नाम थर | विवरण | भुक्तानी दिनुपर्ने | भुक्तानी दिएको | कर पछिको वढी भुक्तानी |
|---|---|---|---|---|---|
| १ | ज्योति कुमार श्रेष्ठ | कृषि तालिम | १८६००.०० | ३१०००.०० | १०५४०.०० |
| २ | मोति आचार्य | कृषि तालिम | २७०००.०० | ४५०००.०० | १५३००.०० |
| ३ | रबी पौडेल | कृषि तालिम | ७२००.०० | १२०००.०० | ४०८०.०० |
| ४ | विन्दु खड्का | कृषि तालिम | १२६००.०० | २१०००.०० | ७१४०.०० |
| | | **जम्मा** | | | **३७०६०.००** |

**सशर्त अनुदान : शिक्षा :**

३६. **बढी निकासा:** विद्यालयलाई छात्रवृति र पाठयपुस्तकको रकम निकासा दिदा शिक्षा विभागले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन निर्देशिका अनुसार फ्ल्यास रिर्पोटको संख्यालाई आधार मानेर दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले पालुसिद्ध प्रा.वि.अमिलिलाई रु. २४,४००।- निकासा दिएकोमा रु. २२,८००।- वितरण गरेको भरपाईपेश भएको छ । निकासा मध्ये खर्च भई वाँकी भएको रु. १,६००।- कार्यालय प्रमुखलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रु.... १६००.००

३७. **प्राविधिक धार संचालन अनुदान :** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ४१(२) अनुसार नगद वा वस्तुगत आर्थिक सहायता दिनलाईलक्ष्य, कार्यक्रम र लागतअनुमान वा निर्णयबाट प्रष्ट खोली पेश गर्नुपर्ने व्यवस्था रहेको छ । प्राविधिक धार संचालन भएको मोती मा.वि., बरौलालाई ल्याब व्यवस्थापनको लागि भौचर नं.३२-३।३१ बाट रु.२६०००००।0 अनुदान उपलब्ध गराएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् :

- अनुदानबाट गरिने कार्यक्रमहरुको स्पष्ट विवरण नभएको,
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा गरी खरिद कार्य नगर्नु हुने व्यवस्था रहेकोमा अरुण अर्डर एण्ड सप्लायर्सबाट रु.४,९९,०००- र ग्यालेक्सी इन्टर नेशनबाट रु.५,००,०००।- गरी जम्मा रु.९,९९,०००।0 को कम्प्युटर तथा ल्यापटप टुक्रा टुक्रा गरी खरिद गरेको देखियो ।
- अनुदान रु. २६,००,०००।- दिएकोमा रु.९९९,०००।0 को मात्र बिल भरपाई पेश भएकोले नपुग

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | रु.१६,०१,०००।- बिल भरपाई सहित कार्य सम्पन्न भएको प्रमाण पेश गर्नुपर्ने रु.... | १६०१०००.०० |
| ३८. | **पुस्तकालय अनुदानः** शिक्षा विभागको कार्यक्रम कार्यान्यवन पुस्तिका,२०७५ को कम्पोनेन्ट नं.२.१५.११.७८८ अनुसार लाइब्रेरी स्थापनाका लागि छनौट भएका विद्यालयलाई रु.६,५०,०००।० एकमुष्ट अनुदान दिने र विद्यार्थीको दैनिक पठन पाठनसँग असम्बन्धित र असान्दिर्भिक पुस्तक तथा सामग्रीहरु खरिद गर्न नपाइने व्यवस्था रहेको छ । गाउँपालिकाले भौचर नं.२८-२०७६।३।२९ बाट पदमोद्य मा.वि.लाई पुस्तकालय व्यवस्थापन अनुदान रु.६,५०,०००।० एकमुष्ट दिएकोमा खरिद गर्नुपर्ने पुस्तकको सूची र संख्या सहितको लागत अनुमान तयार नगरी, खरिद आदेश बेगर फर्निचर बाहेक रु.४९९६४० को ५५० प्रकारका पुस्तकहरु खरिद गरेको देखियो । प्राप्त पुस्तकहरु स्टोर दाखिला भएको देखिएन । अतः पुस्तक खरिद गर्दा पुस्तकको प्रकार र संख्या सहित उल्लेख गरी लागत अनुमान तयार गरी विद्यार्थीको पठनपाठनसँग सम्बन्धित पुस्तकहरु मात्र खरिद गर्नुपर्दछ । दाखिला नभएका ५५० प्रकारका पुस्तकहरुको जिन्सी दाखिला पेश गर्नपर्ने रु.... | ४९९६४०.०० |
| ३९. | **विज्ञान प्रयोगशाला अनुदान :** मु.अ.कर ऐन, २०५२ अनुसार वैज्ञानिक प्रयोगशालाको वस्तुमा मूल्य अभिवृद्धि कर नलाग्ने व्यवस्था रहेको छ । गाउँपालिकाले भौचर नं.२८ मिति २०७६।३।२९ बाट दाङवाङ मा.वि. लाई विज्ञान प्रयोगशाला अनुदान रु. ६,५०,०००।० दिएकोमा बुटवल साइन्स एण्ड एडुकेशन सेन्टरबाट वैज्ञानिक प्रयोगशालाको लागि सामाग्रि खरिद गर्दा मुल्य अभिवृद्धि कर वापत जम्मा रु.५३,३८८।७९ भुक्तानी भएको देखियो । ऐन विपरित भुक्तानी भएको मुल्य अभिवृद्धि करको मू.अ.कर असुल गर्नुपर्ने रु..... | ५३३८८.७९ |
| | **स्वास्थ्य तर्फ :** | |
| ४०. | **औषधिको म्याद :** औषधि खरिद गर्दा न्यूनतम १८ महिनासम्मको म्याद गुज्रने अवधि भएको औषधि खरिद गनुपर्दछ र दाखिला गर्दा औषधिको म्याद गुज्रने मिति सहित उल्लेख गर्नुपर्दछ । गाउँपालिकाले भौचर नं १८-२०७५।११।१७ र ३७-२०७६।३।२६ बाट जम्मा रु.७,४९,८२१।० को औषधि खरिदको गर्दा विक्रेता बिल तथा कार्यालयको दाखिला प्रतिवेदनमा औषधिको म्याद गुज्रने अवधि उल्लेख गरेको देखिएन । औषधिको म्याद उल्लेख गरी दाखिला गर्नुपर्दछ । गाउँपालिका अन्तर्गतका ६ स्वास्थ्य चौकीमा हस्तान्तरण फारमको आधारमा औषधि पठाइने गरेकोमा सोको शुरु र अन्तिम मौज्दात खुल्ने विवरण तयार गरेको देखिएन । गाउँपालिकाले आर्थिक वर्षको अन्त्यमा सबै स्वास्थ्य इकाइहरुबाट अन्तिम मौज्दातको विवरण लिई एकीकृत अन्तिम मौज्दातको विवरण तयार गरी आम्दानी तथा खर्चको स्पष्ट अभिलेख राख्नुपर्दछ । | |
| ४१. | **प्रधानमन्त्री रोजगार कार्यक्रम :** कार्यक्रमको लक्ष्य अनुसार खर्च गर्नुपर्दछ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ को दफा १८ बमोजिम स्थानीय तह मातहत रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्युनतम १०० दिन बराबरको रोजगारी दिने कार्यक्रम छ । गाउँपालिकामा १९७६ ले बेरोजगार भएको जनाई आवेदन गरेका मध्ये २८० छनौट भई २६५ ले मात्र १५ दिनको कार्य गर्दा देखिएका व्यहोरा यसप्रकार छन् :<br>➢ १९७६ बेरोजगार मध्ये २८० बेरोजगार छनौटको स्पष्ट आधार नदेखिएको,<br>➢ प्रधानमन्त्री रोजगार कार्यक्रम न्यूनतम १०० दिन बराबरको हुने भनिएकोमा १५ दिन मात्र संचालन भएको देखिएको, | |
| | **शिक्षा (चालु खर्च) तर्फ :** | |
| ४२. | **सोझै खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद कार्य गर्न नहुने व्यवस्था रहेको छ । गाउँपालिकाले ३४ विद्यालयलाई कम्प्युटर तथा प्रिन्टर खरिदको लागि रु.८७५००।० को दरले जम्मा रु.२९७५०००।० भुक्तानी दिएको देखियो । गाउँपालिकाले सो कम्प्युटर तथा प्रिन्टर ऐन तथा नियमले तोके बमोजिम प्रतिस्पर्धात्मक तवरले खरिद गरेको देखिएन । प्रतिस्पर्धा नगराई गरेको खरिद नियमित गर्नुपर्ने रु.... | २९७५०००.०० |
| ४३. | **जिन्सी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ अनुसार कार्यालयमारहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वाअन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँध्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाका विषयगत शाखाहरुले खरिद गरको जिन्सी सामानहरु तथा वडाहरुमा रहेको जिन्सी सामानहरु गाउँपालिकाको जिन्सी खातामा दाखिला नगरी शाखागत वा वडागत रुपमा दाखिला गरेको देखियो । अतः गाउँ कार्यपलिकाको कार्यालय अन्तर्गत सबै शाखाबाट वा वडाबाट खरिद हुने जिन्सी सामानहरुको एकीकृत दाखिला गर्नुपर्दछ । | |
| ४४. | **मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम :** कार्यक्रम अनुसार खर्च हुनुपर्दछ ।गाउँपालिकाले यस कार्यक्रम अन्तर्गत चालु | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | र पूँजिगत गरी रु ४५२९३५५।० खर्च गरेको देखिन्छ । विपन्न लक्षित पोशाक तथा स्टेशनरी छात्रवृत्ति प्रति विद्यार्थी रु. ३००० एक सय जनालाई र अति विपन्न २०० जनालाई खाद्य सुरक्षा छात्रवृत्ति रु.५००० (चामल खरिदको लागि) गरी जम्मा रु.१३०००००।० वितरण गरेको देखिएकोमा खर्चको धारणा उत्साहजनक देखिएपनि उत्पादनमूलक खर्च नभएर वितरणमुखी खर्च भएको देखिन्छ । विपन्न तथा अति विपन्नको छनौटको ठोस र स्पष्ट आधार तय गरी लगत राख्नुपर्दछ । एउटै परिवार वा परिवारको सदस्यले दोहोरो सुविधा लिए नलिएको यकिन गरेको देखिएन । शसर्त अनुदान शिक्षा कार्यक्रमबाट पनि बिभिन्न प्रकारका छात्रवृत्ति कार्यक्रम संचालन भएकोले ती विद्याथीहरु नै यस छात्रवृत्ति अन्तर्गत नपरेको यकीन गर्न सकिएन । अतः विभिन्न किसिमका छात्रवृत्ति कार्यक्रम संचालन गर्दा दोहोरो सुविधा नपर्ने गरी प्रभावकारी खर्च गर्नुपर्दछ । | |
| | **पुँजिगत तर्फ** | |
| ४५. | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नुपर्ने, खर्चको सूचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेसिनहरू प्रयोग गर्न नहुने, तथा उप नियम १३क वमोजिम उपभोक्ता समितिले प्राप्त गरेको कुनै कार्य सव कन्ट्रयाक्टवाट गराई निर्माण कार्यमा मुल्य अभिवृद्धि कर भुक्तानी गरेको देखियो । उपभोक्ता समितिबाट प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य पूर्ण पालना गरेको देखिएन ।उपभोक्ता समितिले सवै वाटो तथा फिल्ड निर्माण कार्यमा हेभी इक्वीपमेन्ट प्रयोग गरी सव कन्ट्याक्टमा निर्माण व्यवासयीलाई काम लगाएर विल भरपाई पेश गरेको र सोही आधारमा कार्यालयले उपभोक्ता समितिलाई भुक्तानी गरेको देखिएकोले निर्माण कार्यमा प्रतिस्पर्धा नहुने, लागत वृद्धि हुने हुँदा नियमावलीमा भएको व्यवस्था वमोजिम जटिल प्राविधिक कार्य प्रतिस्पर्धात्मक रुपमा गराउन कार्यालयले ध्यान दिनुपर्दछ । | |

| गो भौ नं.,मिति | योजनाको नाम | लागत अनुमान | कार्य सम्पन्न | निर्माण व्यवसायीको नाम | भुक्तनी रकम |
|---|---|---|---|---|---|
| २-२०७६/३/२७ | खवांग लिफ्ट सिचाई योजना | २३४०९६२.०० | २१८६१९२.०० | ओसवाल सप्लायर्स | ५३०३१०.०० |
| ३-२०७६/३/२७ | जुडा साजवोट बरौला सडक | २३४०५९६.०० | २३४१९४७.०० | रमण निर्माण सेवा | २२६२४५१.०० |
| २४८(क)-२०७६/३/२९ | चुकाहा कटपुरा जुडा मोटर वाटो | २४०५२७०.०० | २४०५९१५.०० | पुष्पाञ्जलि निर्माण सेवा | २३२३९१५.०० |
| २६९-२०७६/३/३१ | पुरन ठांटी देउराली नेपाने मोटर वाटो | १८००१३५.०० | १८००३२६.८४ | रमण निर्माण सेवा | १७४०८६१.०० |
| | | | | **जम्मा** | **६८५७५३७.००** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ४६. | **पूँजिगत शीर्षकबाट चालु प्रकृतिका खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्च शीर्षकको परिधिभित्र रही खर्च गर्न गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष सभाबाट कार्यक्रम पारित गरी चालु खर्चलाई पूँजिगत बजेटमा समावेश गरी देहाय अनुसार रु. ३४९,५५०।०० खर्च लेखेको देखियो । अतः चालु प्रकृतिका खर्च चालु खर्च शीर्षकमा समावेश गरी खर्च लेख्नुपर्दछ । | |

| गो.भौ.नं. र मिति | विवरण | खर्च रकम |
|---|---|---|
| ६२-२०७६/२/२६ | राष्ट्रपती रनिङ सिल्ड प्रतियोगिता | १९९५५०.०० |
| ९३-२०७६/३/५ | महिला दिवस कार्यक्रम संचालन | ५००००.०० |
| १०१-२०७६/३/९ | महिला स्वास्थ्य अभिमुखिकरण तालिम संचालन | ५००००.०० |
| १८८-२०७६/३/२५ | उत्तकृष्ट कृषक सम्मानकार्यक्रम | ५००००.०० |
| | **जम्मा** | **३४९५५०.००** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ४७. | **(गो.भौ.नं: २-२०७५।६।१९)** : जिल्ला प्राबिधिक कार्यालय, प्युठान र नारायण निर्माण सेवा प्युठान विच मिति २०७२।२।१७ मा साविकको पकला गा.वि.स.( हाल वडा नं ३) को भवन निर्माण कार्य २०७२।१२।३० भित्र सम्पन्न गर्ने गरी रु. ३८,०५,४२६।७७ को सम्झौता भएकोमा तेस्रो रनिङ विल सम्म रु. ३५,१३,२७३।- भुक्तानी गरी निर्माण कार्य सम्पन्न नहुदै जिल्ला प्राबिधिक कार्यालय प्यूठानवाट मिति २०७५।२।९ मा यस कार्यालयलाई योजना हस्तान्तरण गरेको छ । कार्यालयवाट यस वर्ष अन्तिम बिलवाट रु. २,२४,३५२।९५ भुक्तानी गरेको समेत उक्त भवन निर्माण कार्यको लागि रु. ३७,३७,६२६।७७ खर्च भएको छ । सोको लेखापरीक्षण गर्दा देखिएको व्यहोराहरु निम्नानुसार छन : | |
| | **क) कार्यस्वीकार प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७(१) अनुसार सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार गर्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट यो वर्ष सम्पन्न भएको प्रशासकिय भवन निर्माण कार्यको कार्य स्वीकार प्रतिवेदन तयार गरेको देखिएन । अतः नियमावलीमा तोकिएबमोजिम कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्दछ । | |
| | **ख) कार्यसम्पादन जमानतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) वमोजिम सम्झौतामा अन्यथा | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | व्यवस्था गरेको वाहेक कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लेखित निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधि भन्दा कम्तिमा एक महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ । निर्माण व्यवसायीसंग भएको सम्झौताको बुदा नं ८.१ अनुसार त्रुटि सच्याउने अवधि १ बर्ष रहेको छ । निर्माण व्यवसायीवाट २०७५।५।४ मा अन्तिम भुक्तानीको लागि निवेदन पेश गरेको छ । जिल्ला प्राबिधिक कार्यालयले २०७५।२।९ मा योजना हस्तान्तरण गर्दा झ्याल ढोका रंगरोगन र बिद्युतीकरण लगाययतको काम गर्न बांकी रहेको देखिन्छ । कृषि बिकास वैंक प्युठानवाट जारी भएको रु. १,९०,५००।-को कार्य सम्पादन जमानतको म्याद मिति २०७५।२।३० मा समाप्त भईसकेको हुदा कार्यालयले त्रुटि सच्याउने अवधि भन्दा एक महिना बढी अवधि सम्मको जमानतको म्याद थप गरेको प्रमाण पेश गर्नुपर्ने रु.... | १९०५००.०० |
| | **ग) पूर्व निर्धारित क्षतिपूर्ति –** सार्वजनिक खरिद नियमावली,२०६४ नियम १२१(क) मा निर्माण व्यवसायीको ढिलाइको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतले नवढ्ने गरी साधारणतया सम्झौता रकमको प्रति दिन ०.०५ प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने उल्लेख छ ।जिल्ला प्राबिधिक कार्यालय प्यूठानले २०७५।२।९ मा योजना हस्तान्तरण गर्दा झ्याल ढोका रंगरोगन र बिद्युतिकरण लगायतको काम गर्न बांकी रहेको देखिन्छ । शहरी बिकास तथा भवन निर्माणका महानिर्देशकवाट मिति २०७४।३।३० सम्म भवन निर्माण कार्य सम्पन्न गर्ने गरी तेस्रो पटक म्याद थप भएको छ । तत्पश्चात निर्माण व्यवसायीले पुन म्याद थपको लागि निवेदन नदिएको हुँदा सम्झौता बमोजिम संझौताको १० प्रतिशतले हुने रु. ३,८०,५४२।- पुर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने रु... | ३८०५४२.०० |
| ४८. | **बिल भरपाई(गो.भौ.नं: २५२-२०७६।३।३१)** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष गाउँपालिका अर्न्तगत वडा नं ५ मा ऐरावती खेलकुद मैदान निर्माण समितिलाई टेवा पर्खाल निर्माण कार्यको लागि गाउँपालिकावाट रु. ६,००,०००।- र प्रदेश नं ५ को सामाजिक बिकास मन्त्रालयवाट रु. १५,००,०००।- तथा उपभोक्ता समितिवाट रु.४,२३,४८२।३२ लागत सहभागिता रहने गरी रु. २५,२३,४८२।३२ लागत अनुमान तयार गरी संझौता भएकोमा उक्त निर्माण कार्यको गाउँपालिकावाट उपभोक्ता समितिलाई रु. ५,७६,०००।-भुक्तानी दिएकोमा लेखापरीक्षणमा खर्चको सक्कल कागजात एंव विल विजक पेश नभएकोले उक्त खर्चको विल विजक पेश गर्नुपर्ने रु... | ५७६०००.०० |
| ४९. | **मानिसद्वारा कार्य गराएको (१४०-२०७६।३।१३) :**कार्यालयले सडक निर्माण कार्यको लागि मानिस र मेसिन १०:९० को अनुपातमा दर बिश्लेष गरी सोही बमोजिम लागत अनुमान तयार गरी बिभिन्न योजनामा निर्माण कार्य गराएको देखिन्छ । कार्यालयले जुडा देउराली बेलघारी तल्लोवजार कोत्रेखोला मोटरवाटो निर्माण कार्य गर्दा कडा माटो काट्ने कार्य डोजरवाट भएकोमा प्राबिधिक पुष्ट्याई बेगर ६८.६० घ.मि. कडा चट्टान काट्ने कार्य मानिसवाट गराई प्रति घ.मि.रु. २,६३२।५० दरले रु. १,८०,५८९।५० खर्च भएको छ । कार्यालयवाट मानिस र मेसिनवाट कडा चट्टान काट्दा प्रति घ.मि. रु. १,०८४।२३ दर विश्लेषण भएको हुँदा मानिसवाट मात्र उक्त कार्य गर्दा रु. १,०६,२११।-बढी व्ययभार पर्न गएकोले उक्त खर्च नियमसम्मत् नदेखिएको रु..... | १०६२११.०० |
| ५०. | **निर्माण सामग्रीको प्रयोग स्थिति** : स्वीकृत कार्यक्रम अनुसार योजनाको लागि खरिद गरिएका निर्माण सामग्री तोकिएका कार्यमा प्रयोग गरी सोको प्राबिधिक मूल्याङ्कन समेत गर्नुपर्दछ । कार्यालयले यो वर्ष स्वीकृत कार्यक्रम अनुसार लागत अनुमान तयार गरी वोलपत्रको माध्यमवाट सिद्धार्थ हार्डवयेर एण्ड सपलायर्स प्रा.लि.दाङसँग निम्नानुसारका जस्तापाता खरिद गरी गाउँपालिका अर्न्तगत ६ वडा कार्यालयमा लाभग्राहीलाई वितरण गर्ने गरी पठाएको देखियो । लेखापरीक्षण अवधिसम्म लाभग्राहीलाई वितरण गर्नको लागि वडामा पठाएका जस्तापातामध्ये वडा नं. ३ वाट मात्र सम्वन्धित लाभग्राही व्यक्तिलाई वितरण गरेको भरपाई पेश भएको छ । कार्यालयले तयार गरेको प्रत्येक वडाको लागत अनुमान बमोजिम खरिद भएको जस्तापाता सम्वन्धित लाभग्राही व्यक्तिको घरमा प्रयोग गरेको प्राबिधिक मूल्याङ्वन सहितको नापी किताव र कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु...<br><table><tr><th>खरिदको विवरण</th><th>परिमाण</th><th>रकम</th></tr><tr><td>26 Gauge Heavy (0.41 mm) Coourеd CGI Sheet</td><td>570 Bundel</td><td>५८४२५००.००</td></tr><tr><td>26 Gauge Heavy (0.38 mm) Coloured CGI plain Sheet</td><td>28 Bundel</td><td>२८००००.००</td></tr><tr><td></td><td>जम्मा</td><td>६१२२५००.००</td></tr></table> | ६१२२५००.०० |
| ५१. | **मूल्य अभिवृद्धि कर समायोजन :–**मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिनाको | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | विवरण सो महिना समाप्त भएको २५ दिनभित्र पेश गर्नुपर्ने र भुक्तानी दिनेले समेत भुक्तानीको विवरण सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने व्यबस्था छ । कार्यालयले निम्न निर्माण व्यवसायी तथा आपुर्तिकर्तालाई मूल्य अभिबृद्धि कर भुक्तानी दिएको छ । निर्माण व्यवसायीहरुले आन्तरिक राजस्व कार्यालयमा मासिक कर विवरण नबुझाई नन फाइलर रहेको र बिल स्पष्ट नभएको हुँदा मूल्य अभिबृद्धि कर समायोजन भएको प्रमाण पेश गर्नुपर्ने रु.... | २३८६०८.०० |

| गो.भौ.नं र मिति | फर्मको नाम | स्थायी लेखा नं. | विजक नं. र मिति | भुक्तानी रकम | मु.अ.कर रकम | ननफाईलर अवधि |
|---|---|---|---|---|---|---|
| ३-२०७५/७/१२ | पुष्पाञ्जली निर्माण सेवा | ६०३२६३४८६ | १-२०७५/६/१० | ८७६७४.०० | ११३९७.०० | 2075/M/6 |
| ४-२०७५/७/२० | पुष्पाञ्जली निर्माण सेवा | ६०३२६३४८६ | २-२०७५/७/२७ | १३६४०६.०० | १७७३२.०० | 2075/m/6 |
| ५-२०७५/७/२० | पुष्पाञ्जली निर्माण सेवा | ६०३२६३४८६ | ३-२०७५/७/२७ | ११०४४२.०० | १४३५७.०० | 2075/m/6 |
| ३५-२०७५/११/१५ | पुष्पाञ्जली निर्माण सेवा | ६०३२६३४८६ | ११-२०७५/१०/२८ | ५२१९९४.०० | ६७८५९.०० | 2075/m/6 |
| ६-२०७५/८/१२ | रमण निर्माण सेवा | ६०८६४२७५४ | ०५१-२०७५/६/२९ | ३५८४४३.०० | ४६५९७.०० | 2075/m/7 |
| २-२०७५/६/१९ | नारायण निर्माण सेवा,प्युठान | ३००१२९२९८ | ११६-२०७५/५/४ | १९८५४२.०० | २५८१०.०० | 2073/m/5 |
| ३३०-२०७६/३/३१ | राप्ती ईलेक्टिकल, प्यूठान | ६०२१९८९३४ | २२५-२०७६/३/२७ | ४२१९७०.०० | ५४८५६.०० | बिल अस्पष्ट भएको |
| | | | | **जम्मा** | **२३८६०८.००** | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ५२. | **बिल भरपाई** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ वमोजिम विल भरपाई संलग्न राखी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष निम्नानुसारको कार्यको लागि रु. ३,७५,०००।- भुक्तानी गरेको छ । भुक्तानीसाथ सक्कल बिल भपाई पेश नभएकोले उक्त खर्चको सक्कल बिल भरपाई पेश गर्नुपर्ने रु..... | ३७५०००.०० |

| गो.भौ.नं. र मिति | कार्यक्रमको नाम | खर्च रकम | कैफियत |
|---|---|---|---|
| १-२०७६/३/२३ | प्लाष्टिक टनेल निर्माण कार्य वडा नं.६ छापेखोला | १७५०००.०० | समपुरक कोषतर्फ |
| २-२०७६/३/२४ | कृषि संकलन केन्द्र वडा नं. ६ | २०००००.०० | समपुरक कोषतर्फ |
| | **जम्मा** | **३७५०००.००** | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ५३. | **मध्यम चट्टान :** खर्च गर्दा मितव्ययी ढंगबाट गर्नुपर्दछ । गाउँपालिकाले बाटो निर्माण कार्य गर्दा मध्यम चट्टान ( मेडियम रक) काट्ने गरी लागत अनुमान तयार गरेको देखिएन । प्यूठान जिल्लाका समान तहका अन्य गाउँपालिकाले लागत अनुमान तयार गर्दा मध्यम चट्टानको दर विश्लेषण गरेका पाइयो । कामको प्रकृति अनुसार हार्ड रक, मेडियम रक, सफट रक, हार्ड स्वायल र सफ्ट स्वायलको दर विश्लेषण गरी निर्माण कार्यको लागत अनुमान तयार गरी मितव्ययिता अपनाई खर्च गर्नुपर्दछ । | |
| ५४. | **बिमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु १० लाख भन्दा वढिको निर्माण कार्य गर्दा मेशिन, औजार वा प्लाण्ट लगायतको विमा गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले यो वर्ष ठेक्का सम्झौता गर्दा निम्न निर्माण कार्यको विमा वेगर सम्झौता गरी निर्माण कार्य गरेको देखियो । निर्माण कार्यमा आउने जोखिम न्युनिकरण गर्न विमा गरेपछि मात्र सम्झौता गरी निर्माण कार्य गर्ने गराउने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |

| योजनाको नाम | निर्माण व्यवसायी | सम्झौता रकम |
|---|---|---|
| वडा नं १ को मोटरवाटो मर्मत तथा संभार कार्य | पद्मा कन्स्ट्रक्सन खलंगा प्युठान | १२३३६८९.०० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ५५. | **बेरुजू -** गाउँपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल असुल गर्नुपर्ने रु. ५७८ लाख, प्रमाण कागजात पेश गर्नुपर्ने रु. १ करोड ४६ लाख ७५ हजार र नियमित गर्नुपर्ने रु. १ लाख ६ हजार समेत रु. १ करोड ५३ लाख ५९ हजार बेरुजू कायम भएकोमा प्रतिक्रियाबाट रु. २१ लाख ५५ हजार फछ्र्यौट भई रु. १ करोड ३२ लाख ४ हजार बेरुजू कायम भएको छ । | |
| ५६. | **अद्यावधिक बेरुजु स्थिति :–**नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ । बाँकी बेरुजू यिमानुसार असुल फछ्र्यौट गर्नुपर्दछ । | |

**(रु. हजारमा)**

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C) | यो वर्षको सं प.बाट कायम बेरुजु रु. (D) | यो वर्षको कायम बेरुजु रु. (E) | बाँकी (F= C+D+E) |
|---|---|---|---|
| ४५७८ | ० | १३२०४ | १७७८ |

**अनुसूची- १**

# सञ्चित कोष विवरण
## २०७५।७६

**(रु.हजारमा)**

| आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|
| गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१±५—९) |
| ५७३९२ | ८२५७१ | १८४४७२ | ६४००१ | ३८८४३६ | १९६५५६ | १२११५४ | ६१३१ | ३२३८४१ | ६४५९५ |

**अनुसूची– २**

# बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

**(रु.हजारमा)**

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| ४० | १९ | १५३५९ | ० | ३ | २१५५ | ४० | १६ | १३२०४ | ५१५ | १०६ | १२५८३ | ० | ० | १२६८९ | ० | ० | ० |

**अनुसूची- ३**

# बेरुजुको अद्यावधिक स्थिति
## २०७५।७६

**(रु.हजारमा)**

| गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|
| ४५७८ | ० | ४५७८ | ० | १३२०४ | १७७८२ |